# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान
## त्रिपुरेश्वर, काठमाडौं

## सुरक्षा गार्ड सेवा खरिद सम्वन्धि सिलबन्दी दरभाउ फाराम

फाराम दस्तुर रु १०००.०० एक हजार (पछि फिर्ता नहुने)

## पृष्ठभूमी

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३ द्वारा स्थापित औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले राष्ट्रको औद्योगिक विकासका लागि उद्यमशीलता विकास, व्यवसाय व्यवस्थापन, कार्यमूलक अनुसन्धान तथा उद्योग व्यवसायको विकासको लागि आवश्यक जनशक्तिको विकास गरी उद्योग क्षेत्रको विकासबाट अर्थ व्यवस्थालाई सबल तुल्याउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । प्रतिष्ठानको त्रिपुरेश्वर स्थित कार्यालयमा २४ सै घण्टा सुरक्षा सेवा आवश्यक भएकोले सम्झौता भएको मितिले १ बर्षसम्मको लागि सेवा करारवाट सेवा खरिद गर्न यो सिलवन्दी दरभाउ पत्र माग गरिएको हो ।

सिलवन्दी दरभाउ पत्र (प्रस्ताव) सम्वन्धमा

- यस सम्बन्धि थप जानकारी औद्योगिक व्यवसाय विकास प्रतिष्ठान त्रिपुरेश्वर, काठमाण्डौको आर्थिक प्रशासन शाखावाट प्राप्त गर्न सकिने छ ।
- सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात २०८०/०५/१८ देखि कार्यालय खुलेको दिन कार्यालय समय भित्र नवीकरण भएको ईजाजतपत्रको प्रमाणित प्रतिलिपी निवेदनसाथ संलग्न राखी रु. १०००/- नगदै दस्तुर तिरी कार्यालयको आर्थिक प्रशासन शाखावाट २०८०/०६/०१ गतेसम्म खरिद गर्न सकिनेछ ।
- खरीद भएको सिलबन्दी प्रस्ताव २०८०/०६/०२ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, प्रस्तावदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । नियमानुसार दर्ता हुन आएका सिलवन्दी प्रस्तावहरू सोही दिन दिनको २:०० बजे प्रस्तावदाता वा निजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । सिलबन्दी प्रस्तावदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।
- सिलबन्दी प्रस्ताव साथ न्यूनतम रु.२८,०००/- बराबरको सिलबन्दी प्रस्ताव खोलिने मितिबाट कम्तिमा ४५ दिन (२०८०/०७/१६ सम्म) म्याद भएको नेपाल राष्ट्र बैंकबाट प्रचलित कानून बमोजिम बैंक जमानतको कारोबार गर्न इजाजत प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको पक्षमा जारी भएको बैंक जमानत पेश गर्नु पर्नेछ ।
- सिलबन्दी प्रस्ताव खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
- एक फर्मको नाममा खरीद गरिएको सिलबन्दी प्रस्ताव फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
- सिलबन्दी प्रस्तावको साथ संस्था दर्ता, नविकरण, भ्याट दर्ता र आ.ब. २०७८/२०७९ सम्मको कर चूक्ता प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । सिलबन्दी प्रस्तावमा संस्थाको छाप र प्रोप्राईटरको सही छाप नभएको मान्य हुने छैन । त्यस्ता दरभाउ पत्र रद्द गरिने छ ।
- सिलबन्दी प्रस्तावमा सप्लायर्सले सुरक्षा सेवा प्रदान गरे वापत लिने (मासिक तथा अन्य) शुल्क अनिवार्य रुपमा अंक र अक्षरमा लेख्नु पर्नेछ । केरमेट भएमा वा नलेखेमा दरभाउ पत्र रद्द गरिने छ ।
- दर्ता हुन आएका सिलबन्दी प्रस्ताव पुरै वा आंशिक, स्वीकार्ने वा बदर गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।
- स्वीकृत भएको सिलबन्दी प्रस्ताव प्रतिष्ठानको website: www.iedi.org.np मा प्रकाशित गरिनेछ ।
- अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम हुनेछ ।

सुरक्षा गार्ड सप्लाई सम्वन्धि विवरण

- प्रतिष्ठानको सुरक्षाका लागी २४सै घण्टा सेवा प्रदान गर्न ३ जना सुरक्षा गार्ड उपलब्ध गराउनु पर्ने छ ।
- सुरक्षा गार्ड मर्यादित र इमान्दार हुनु पर्ने र खराब आचरण भएको हुनु नहुने ।
- प्रतिष्ठानको सुरक्षाका लागि संलग्न सर्त अनुसार सप्लायर्सले सुरक्षा गार्ड उपलब्ध गराउनु पर्ने ।
- स्वीकृत भएको सप्लायर्स र प्रतिष्ठान बीच सम्झौता भै काम शुरु हुने छ ।
- नेपाल सरकारको नियमानुसार सुरक्षा गार्ड सप्लाइ गर्नुपर्ने छ ।

## सुरक्षा गार्ड सप्लाई सम्वन्धि सर्तहरु

प्रतिष्ठानको सुरक्षाका लागि लागु हुने सर्तहरु

१. काम शुरु

सप्लायर्स संग सम्झौता भई कार्यादेश प्राप्त भएको मितिले ३ दिन भित्र काम शुरु गर्नु पर्नेछ ।

२. सेवा करार अवधिः शुरु सम्झौता भएको मितिले १ बर्ष (सेवा सन्तोषजनक रहेमा म्याद थप गर्न सकिने)

३. सप्लायर्सले सम्झौता बमोजिम सुरक्षा गार्ड आपूर्ति गरे वापत मासिक रुपमा बिल पेश गर्नु पर्नेछ र कार्यालयवाट नियमानुसार मुल्य अभिवृद्धि कर (भ्याट) समेत भुक्तानी गरिने छ । बिल भुक्तानी दिंदा प्रचलित कर वापतको रकम बिलवाट कट्टा गरी सम्वन्धित राजश्व खातामा जम्मा गरिने छ ।

४. सुरक्षा गार्ड सप्लायर्सले नेपाल सरकारलाई बुझाउनु पर्ने आयकर तथा मुल्य अभिवृद्धि कर (भ्याट) सामाजिक सुरक्षा कर आदि ऐन नियम बमोजिम वुझाउनु पर्नेछ ।

५. सुरक्षा गार्ड सप्लायर्सले २४सै घण्टा सुरक्षा सेवा प्रदान गर्न ३ जना सुरक्षा गार्ड आपूर्ति गर्नु पर्नेछ । सुरक्षा गार्डको लागी आवश्यक सामानहरु (यूनिफर्म, छाता, लठ्ठी, टर्च आदी) सप्लायर्सले व्यवस्था गर्नु पर्नेछ ।

६. सुरक्षा सेवा प्रदान गर्ने सुरक्षा गार्ड मर्यादित तथा इमान्दार हुनुपर्नेछ । खराब आचरण भएको हुनु हुंदैन ।

७. सप्लायर्सले सम्झौता भै कार्यादेश प्राप्त गरी सेवा प्रदान गरेको मिति देखि अन्तिम दिनसम्म नियमित रुपमा सुरक्षा गार्ड आपूर्ति गर्न नसकेमा प्रचलित ऐन कानुन अनुसार हर्जना लगाई सप्लायर्सले पाउने पर्ने बाँकी जुनसुकै रकमबाट असुल उपर गरी सम्झौता रद्द गर्न सकिने छ ।

श्रीमान् कार्यकारी निर्देशकज्यू,
औद्योगिक व्यवसाय विकास प्रतिष्ठान
त्रिपुरेश्वर ।

बिषय : सिलबन्दी दरभाउ पत्र पेश गरिएको बारे ।

महोदय

उपरोक्त सम्वन्धमा त्यस कार्यालयको मिति २०८०/०५/१८ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम त्यस कार्यालयको निमित्त आवश्यक लागी सुरक्षा गार्ड सप्लाई गर्न आवश्यक कागजपत्र सहित यो सिलबन्दी दरभाउ पेश गरेको छु ।

मैले यो दरभाउ फाराममा उल्लेखित सूचना, सर्त र अन्य सवै व्यहोरा अध्ययन गरेको छु साथै सुरक्षा गार्ड सप्लाइ सम्वन्धि ऐन नियम समेत बुझेको छु । उक्त कार्यको लागी निम्न बमोजिमको दररेट पेश गरेको छु । यस दरभाउ पत्र सम्वन्धमा त्यस प्रतिष्ठानले गरेको निर्णयमा मेरो पूर्ण मञ्जुरी हुनेछ ।

**दररेट**

प्रतिष्ठानको सुरक्षाका लागी २४ सै घण्टा सेवा प्रदान गर्न ३ जना सुरक्षा गार्ड निम्न बमोजिमको शुल्कमा उपलब्ध गराउन सक्नेछु ।

| सुरक्षा गार्ड संख्या | जम्मा मासिक शुल्क | जम्मा अन्य शुल्क (....................वापत) | जम्मा बार्षिक शुल्क |
|---|---|---|---|
| ३ जना | रु | रु | रु |
| | अक्षरेपी रु. | अक्षरेपी रु. | अक्षरेपी रु. |

माथी उल्लेखित शुल्कमा मुल्य अभिवृद्धि कर (भ्याट) समावेश गरिएको ☐ छ ☐ छैन

दरभाउ पेश गर्ने संस्थाको नाम : संस्थाको छाप

ठेगाना :

प्रोप्राईटरको नाम :

सम्पर्क नम्वर :

सहि :

मिति :